22 जुलाइ **2024**

- **यस मनसुन बजेट सत्रले सरकारको पाँच वर्षको कार्यकालको  दिशा तय गर्ने र** 2047 **को विकसित भारत अभियानको सपनाको जग बनिने प्रधानमन्त्रीको दाबी**
- **जल जीवन मिशन अन्तर्गत विगत पाँच वर्षमा ग्रामीण परिवारहरूलाई एघार करोड पच्यातर लाख कलको पानीको  जडानहरू भएको  जल शक्ति मंत्रीको भनाई**
- NEET-UG **मामिलामा सरकारले केही पनि नलुकाएको शिक्षामन्त्री धर्मेन्द्र प्रधानको भनाइ; देशको परीक्षा प्रणालीमाथि लगाएको विपक्षीको आरोपलाई गर्नुभयो अस्वीकार**
- **केन्द्रीय सरकारी कर्मचारीहरूको सम्बन्धमा पुरानो पेन्सन योजना पुनर्स्थापित गर्ने कुनै प्रस्ताव विचाराधीन नरहेको केन्द्र सरकारको भनाइ**

**अब समाचार विस्तारमा**

**यस मनसुन बजेट सत्रले सरकारको पाँच वर्षको कार्यकालको  दिशा तय गर्ने र** 2047 **को विकसित भारत अभियानको सपनाको जग बनिने प्रधानमन्त्रीको दाबी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि प्रस्तुत हुने बजेट,अमृतकलको महत्वपूर्ण बजेट हुने बताउनु भएको छ।  यो  बजेट सत्रले सरकारको कार्यकालको पाँच वर्षको दिशा तय गर्ने र 2047 को विकसित भारत अभियानको सपनाको जग बनिने उहाँले बताउनुभएको छ। संसदको बजेट अधिवेशन अघि संसद बाहिर पत्रकारहरूसँग कुरा गर्दै श्री मोदीले लोकसभा चुनावमा देशका जनताले आफ्नो फैसला दिएका छन् र सबै राजनीतिक दलहरू मिलेर आगामी पाँच वर्षसम्म देशको पक्षमा उभिनुपर्ने कुरामा जोड दिनुभयो।

गत सत्रमा संसद अधिवेशन अवरुद्ध भएको उल्लेख गर्दै श्री मोदीले विपक्षी दलले संसदमा सत्तारुढ दलको आवाज दबाउन खोजेको गम्भीर आरोप पनि लगाउनुभयो।  उहाले लोकतन्त्रमा यसको कुनै स्थान नभएको थप बताउनु भयो।  प्रधानमन्त्रीले जनतालाई दिएको ग्यारेन्टीलाई कार्यान्वयन गर्न आफ्नो सरकारले काम गरिरहेको  बताउनुभयो ।  श्री मोदीले यस बजेट अधिवेशन देशको लोकतन्त्रको यात्रामा महत्वपूर्ण गन्तव्य बन्ने कुराको पनि उल्लेख

**जल जीवन मिशन अन्तर्गत विगत पाँच वर्षमा ग्रामीण परिवारहरूलाई एघार करोड पच्यातर लाख कलको पानीको जडानहरू भएको  जल शक्ति मंत्रीको भनाई**

सरकारले जल जीवन मिशन - हर घर जल योजना अन्तर्गत विगत पाँच वर्षमा ग्रामीण परिवारहरूलाई एघार करोड पच्यातर लाख कलको पानीको   जडानहरू दिइएको बताएको छ।  जलशक्ति राज्यमन्त्री श्री  वी. सोमन्नाले आज राज्यसभामा लिखित जवाफमा यो जानकारी दिनुभएको हो।  उहाले 2019 को अगस्ट महिनामा जलशक्ति मिसन सुरु हुँदा 3 करोड 23 लाख ग्रामीण परिवारले धाराको पानी पि रहेका थिए भने अहिले देशभरका 77 प्रतिशत ग्रामीण घरमा धाराको पानी आपूर्ति भइरहेको जानकारी दिनुभयो ।  यी जडानहरूबाट प्रतिव्यक्ति  55 लिटर तोकिएको गुणस्तरको पानी उपलब्ध गराइने पनि उहाँले जानकारी दिनुभयो । जल जीवन मिशन अन्तर्गत प्रदान गरिएको पानीको गुणस्तरको बारेमा, श्री सोमन्नीले भन्नुभयो पानीको गुणस्तर व्यवस्थापन सूचना प्रणालीको पोर्टल सुरु गरिएको छ, जसको माध्यमबाट राज्य र केन्द्र शासित प्रदेशहरूले पानीको नमूना परीक्षण गर्न सक्छन् र पिउने पानीको स्रोतहरूको अनुगमन गर्न सक्नेछन्। उहाले  राज्य र केन्द्र शासित प्रदेशहरूलाई प्रत्येक गाउँबाट पाँच व्यक्तिको पहिचान गर्न र ती व्यक्तिहरुलाई पानीको गुणस्तर जाँच्ने तालिम दिनुर्ने र  यो काममा महिलालाई प्राथमिकता दिनुपर्ने सल्लाह दिनुभयो।

NEET-UG **मामिलामा सरकारले केही पनि नलुकाएको शिक्षामन्त्री धर्मेन्द्र प्रधानको भनाइ; देशको परीक्षा प्रणालीमाथि लगाएको विपक्षीको आरोपलाई गर्नुभएको अस्वीकार**

विगत सात वर्षमा देशमा पेपर लीकको कुनै पनि घटना अगाडि नआएको र NEET-UG पेपर लीक मामिलामा सरकारले केही नलुकाएको केन्द्र सरकारले बताएको छ। शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले आज लोकसभा प्रश्नकालमा पूरक प्रश्नको जवाफ दिँदै राष्ट्रिय परीक्षण एजेन्सीले स्थापनाकालदेखि हालसम्म २ सय 40 परीक्षा सञ्चालन गरेको बताउनुभयो। यी परीक्षाहरूमा साढे चार करोडभन्दा बढी परीक्षार्थीहरू उपस्थित भएको पनि उहाँले बताउनुभयो। श्री प्रधानले विपक्षी नेता राहुल गान्धीले देशको परीक्षा प्रणालीको आलोचना गरेको बयानलाई निन्दनीय रहेको बताउनुभयो। देशमा पेपर लीकका घटना सामान्य भएको विपक्षी दलको आरोपलाई अस्वीकार गर्दै श्री प्रधानले देशभरमा पटनाबाट मात्रै एउटा घटना बाहिर आएको बताउनुभयो। यस विषयमा सीबीआईले अनुसन्धान गरिरहेको र मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको पनि उहाँले बताउनुभयो। यसअघि विपक्षी नेता श्री राहुल गान्धीले यो मुद्दा उठाउँदै देशको परीक्षा प्रणालीमा निकै गम्भीर समस्या रहेको आरोप लगाउनुभएको थियो। उहाँले यस विषयमा श्री प्रधानको आलोचना गर्दै देशका लाखौं विद्यार्थी परीक्षा अनि आफ्नो भविष्यको चिन्तामा रहेको बताउनु भएको थियो। समाजवादी पार्टीका अखिलेश यादवले यस विषयमा प्रधानको राजीनामा माग गर्नुभएको थियो। श्री यादवको आरोपको जवाफ दिँदै शिक्षामन्त्रीले केन्द्रगत मेरिट लिस्ट प्रकाशित भइसकेको र यस्ता टिप्पणीबाट विपक्षीले अनुसूचित जाति, जनजाति र पिछडिएका वर्गका विद्यार्थीको प्रतिभामाथि प्रश्न उठाइरहेको बताउनुभयो। राज्यसभाका अध्यक्ष श्री जगदीप धनखडले बजेट अधिवेशनको पहिलो दिन छलफल र बहसको सिद्धान्तको पालना गर्दै बलियो संसदीय बहसका लागि सहज वातावरण बनाउन सदस्यहरूलाई अपिल गर्नुभयो।

**केन्द्रीय सरकारी कर्मचारीहरूको सम्बन्धमा पुरानो पेन्सन योजना पुनर्स्थापित गर्ने कुनै प्रस्ताव विचाराधीन नरहेको केन्द्र सरकारको भनाइ**

केन्द्रीय सरकारी कर्मचारीहरूको सम्बन्धमा पुरानो पेन्सन योजना पुनर्स्थापित गर्ने कुनै प्रस्ताव विचाराधीन नरहेको केन्द्र सरकारले आज बताएको छ। बजेट अधिवेशनको पहिलो दिन लोकसभा सांसद प्रणिती श्री सुशील कुमार शिन्देले सोधेको प्रश्नको जवाफमा वित्त राज्यमन्त्री श्री पंकज चौधरीले भन्नुभयो, 60 वर्ष पुगेपछि कर्मचारीहरूलाई मासिक तीन हजार रुपैयाँ पेन्सनसहित वृद्धावस्था सुरक्षा दिनका लागि प्रधानमन्त्री श्रम योगी मानधन (PMSYM) पेन्सन योजना 2019-मा सुरु गरिएको थियो।18 देखि 40 वर्ष उमेर समूहका कामदारहरू जसको मासिक आय 15 हजार वा कम छ र जो EPFO, ESIC र NPS का सदस्य छैनन् उनीहरू यस योजनामा सामेल हुन सक्ने उहाँले बताउनुभयो। यस योजना अन्तर्गत, 50 प्रतिशत मासिक योगदान लाभार्थी द्वारा भुक्तान योग्य छ र समान मिल्दो योगदान केन्द्र सरकार द्वारा भुक्तान गरिन्छ.

**बंगलादेशमा हिंसात्मक प्रदर्शनका बीच अहिलेसम्म साढे चार हजारभन्दा बढी भारतीय विद्यार्थी भारत फर्किए**

बंगलादेशमा हिंसात्मक प्रदर्शनका बीच अहिलेसम्म साढे चार हजारभन्दा बढी भारतीय विद्यार्थी भारत फर्किएका छन् । विदेश मन्त्रालयले ढाकास्थित भारतीय उच्चायोग सिमा चौकीमा रहेका भारतीय नागरिकको सुरक्षित यात्राको व्यवस्था गरिरहेको जनाएको छ । नेपालबाट 5 सय, भुटानबाट 38 र maldiv बाट एकजना विद्यार्थी पनि भारत आईपुगेको मन्त्रालयले जनाएको छ । भारतीय नागरिकको सुरक्षाका लागि उच्चायोग र उप-उच्चायोग लगातार स्थानीय निकायसँग सम्पर्कमा छन् । बंगलादेशमा विभिन्न विश्वविद्यालयका रहेका विद्यार्थी र भारतीय नागरिकसँग पनि नियमित सम्पर्क राख्दै आएको विदेश मन्त्रालयले जानकारी दिएको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **यस मनसुन बजेट सत्रले सरकारको पाँच वर्षको कार्यकालको दिशा तय गर्ने र 2047 को विकसित भारत अभियानको सपनाको जग बनिने प्रधानमन्त्रीको दाबी**
- **जल जीवन मिशन अन्तर्गत विगत पाँच वर्षमा ग्रामीण परिवारहरूलाई एघार करोड पच्यातर लाख कलको पानीको जडानहरू भएको जल शक्ति मंत्रीको भनाई**

- NEET-UG मामिलामा सरकारले केही पनि नलुकाएको शिक्षामन्त्री धर्मेन्द्र प्रधानको भनाइ; देशको परीक्षा प्रणालीमाथि लगाएको विपक्षीको आरोपलाई गर्नुभयो अस्वीकार
- केन्द्रीय सरकारी कर्मचारीहरूको सम्बन्धमा पुरानो पेन्सन योजना पुनर्स्थापित गर्ने कुनै प्रस्ताव विचाराधीन नरहेको केन्द्र सरकारको भनाइ